# सुकुना बहुमुखी क्याम्पस

## अतिरिक्त क्रियाकलापको प्रतिवेदन वि.सं. २०८०




अतिरिक्त क्रियाकलाप समिति

सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैंचा, मोरङ

कोशी प्रदेश

## परिचय

मोरङ जिल्लाको सुन्दरहरैंचा नगरपालिका वडा नं १२ मा अवस्थित सुकुना बहुमुखी क्याम्पस त्रिभुवनविश्वविद्यालय द्वारा सम्बन्धन प्राप्त पब्लिक क्याम्पस हो । २०४८ सालमा स्थापित यो क्याम्पसले शिक्षा, व्यवस्थापन,विज्ञान, मानविकी सङ्कायअन्तर्गत विभिन्न विषयहरु अध्ययन अध्यापनगराउँदै आएको छ । विश्वविद्यालय अनुदान आयोग नेपाल द्वारा गुणस्तर प्रत्यायनकृत यो क्याम्पसले गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ । शिक्षा त्यस्तो ज्ञानको स्रोत हो जसले व्यक्तिलाई आफ्नो आदर्श अनुसार निश्चित लक्ष्य प्राप्त गर्ने एवम् व्यवहार परिवर्तन गराई समाजमा समायोजन गर्न महत्वपूर्ण भूमिका खेल्दछ । व्यक्तिमा रहेको अन्तर्निहित क्षमता प्रस्फुटन गराई सर्वाङगीण विकास गराउन शिक्षा अपरिहार्य हुन्छ । औपचारिक पाठ्यक्रमको घेराभित्र रहेको शिक्षण सिकाइले मात्र व्यक्तिको विकासलाई समेट्न सक्दैन । विद्यार्थीको शारीरिक,मानसिक, संवेगात्मक र सामाजिक विकास उपयुक्त ढङ्गवाट होस् भन्नाका लागि सैद्धान्तिक ज्ञानका अतिरिक्त विभिन्न सिर्जनात्मक,रचनात्मक, कियाकलापहरु गराउनु पर्नेहुन्छ जसलाई अतिरिक्त कियाकलाप भनिन्छ । अतिरिक्त कियाकलापले कक्षा कोठा भन्दा बाहिरी वातवरणमा खेल, कला साहित्य, वादविवाद, हाजिरी जवाफ, सङ्गीत, गायन जस्ता शारीरिक र मानसिक पक्षको विकासलाई अझ संशक्त बनाउनमा महत्वपूर्ण भूमिका खेल्दछ । अतिरिक्त कियाकलापको निम्नानुसारका उद्देश्यहरु रहेका छन् ।

## उद्देश्यहरु

१. अतिरिक्त कियाकलापले शिक्षण सिकाइमा पारेको प्रभाव पत्ता लगाउनु ।

२. कार्यक्रमले विद्यार्थी ,प्राध्यापक र क्याम्पस वातावरणमा पारेको प्रभावको विश्लेषण गर्नु ।

३. अतिरिक्त कियाकलाप सञ्चालन गर्दा देखापरेका समस्या पहिचान गरी समाधानका उपायहरू खोजी गर्नु ।

## कियाकलाप

सुकुना बहुमुखी क्याम्पस अतिरिक्त कियाकलाप समितिले मिति २०८० साल असोज ५ गते गजल प्रतियोगिताको आयोजना गरेको थियो । सुन्दरहरैंचा नगरपालिकाका नगरप्रमुख केदारप्रसाद गुरागाईको प्रमुख आतिथ्यमा भएको सो गजल कार्यक्रममा १०० जना विद्यार्थीको उपस्थिति रहेको थियो । गजलको मूल्याङ्कनकर्ताको भूमिकामा उपप्राध्यापक गेहेन्द्र खनाल र अनुप भट्टराई रहनु भएको थियो । प्रतिस्पर्धीहरुमध्ये प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्नुहुने छात्र छात्रालाई कार्यक्रमका अध्यक्ष उमानाथ भटराईले पुरस्कृत गर्नुभएको थियो ।

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

यसैगरी मिति २०८० साल फागुन ११ गते शुक्रबारका दिन अतिरिक्त क्रियाकलाप समितिका संयोजक विदुर सुवेदीको अध्यक्षतामा सञ्चालक समितिका अध्यक्ष केशवराज अधिकारीको प्रमुख आतिथ्यमा एवम् क्याम्पस प्रमुख अर्जुनराज अधिकारीको विशिष्ट अतिथी  रहनू भएको खुल्ला, कविता, गजल वाचन कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त प्रतियोगितात्मक  कार्यक्रममा ९८ जनाको उपस्थिति रहेको थियो । अतिरिक्त क्रियाकलाप अन्तर्गत गजल प्रतियोगितामा प्रथम द्वितीय तृतीय र सान्त्वना  पुरस्कार प्राप्त गर्ने छात्र छात्राहरुको नामावली यस प्रकार रहेको छ ।

प्रथम विजय पौडेल

द्वितीय ऋतु राउत

तृतीय : सतिस कार्की

सान्त्वना : सबिना थापा

सुकुना बहुमुखी क्याम्पसले वार्षिक क्यालेन्डर अनुसार प्रत्येक वर्ष अतिरिक्तक्रियाकलाप अन्तर्गत विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । यस वर्षको अतिरिक्त क्रियाललाप अन्तर्गतका खेलकुद कार्यक्रम २०८०/११/०३  गतेवाट सुरु गरिएको थियो । १५०० सय मिटर दौडबाट सुरु गरिएको खेलकुद कार्यक्रमको उद्घाटन सुन्दरहरैंचा नगरप्रमुख केदारप्रसाद गुरागाईले गर्नुभएको थियो । उक्त उद्घाटन सत्रमा क्याम्पस सञ्चालक समितिका अध्यक्ष केशव अधिकारी, क्याम्पस प्रमुख  अर्जुनराज अधिकारी, सहायक क्याम्पस प्रमुख बलराम पोखेल,गणेश प्रसाद दाहाल, सञ्चालक समितिका सदस्य तिलक प्रसाद ढकाल  लगायत अन्य पदाधिकारीहरु, प्राध्यापकहरु, स्वतन्त्र विद्यार्थी युनियनका सभापति सन्तोष लिम्बू, सचिव एलिस ओझा लगायत सदस्यहरु र विद्यार्थीहरुको उत्साहजनक सहभागिता रहेको थियो ।

शिक्षण संस्थामा अतिरिक्त क्रियाकलापको विशेष महत्व हुन्छ । आधुनिक सिपमूलक र उनीहरुको रुचिअनुसारको शिक्षा दिनु आवश्यक हुन्छ । क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको अतिरिक्त क्रियाकलापमा उत्साहजनक सहभागिता हुनु ,खेलकुद ,गायन,वक्तृत्व ,कवितावाचन, हाजिरी जवाफ जस्ता कार्यक्रम सञ्चालनले उनीहरुमा भएको सृजनात्मक क्षमता अभिवृद्धि हुने भएकाले पक्कै पनि शिक्षण सिकाइमा सकारात्मक असर पारेको छ । खेलकुदबाट विद्यार्थीहरुमा आत्मविश्वास ,वाककला ,तार्किक क्षमता,नेतृत्व विकास हुनुले शिक्षण सिकाइमा समेत प्रभाव पारेको छ भन्न सकिन्छ ।

अतिरिक्त कियाकलापले क्याम्पसको पहिचान र गरिमा उच्च राख्ने कुरामा दुईमत हुदैन । प्राध्यापकहरुको सहभागिता ,विद्यार्थीहरुले विभिन्न विधामा प्राप्त गरेको उपलब्धिले क्याम्पसको शैक्षिक

वातावरणमा पक्कै पनि सकारात्मक प्रभाव पारेको छ । प्रतिस्पर्धाबाट खारिएका विद्यार्थीहरुले क्याम्पसमा मात्र नभई राष्ट्रिय प्रतियोगितामा समेत उत्कृष्टता प्राप्त गर्दा समग्र क्याम्पसको वातावरणमा समेत उल्लेख्य प्रभाव पार्दछ ।

अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा थुप्रै समस्या र चुनौतीको सामना गर्नुपर्ने अवस्था रहेको छ । सहभागिताको समस्या, खेल मैदानको समस्या, खेलकुद सामग्री, प्रशिक्षक, निर्णायक, स्वयम् सेवक, आर्थिक पक्ष, दुर्घटना मुख्य समस्याका रुपमा रहेका छन्।

**उल्लिखित समस्याहरु समाधान गर्न निम्न उपाय अवलम्वन गर्नु पर्ने हुन्छ ।**

- बिद्यार्थीहरुलाई समय समयमा पठन पाठनका अतिरिक्त रचनात्मक र सिर्जनात्मक क्रियाकलापमा लाग्न उत्पेरित गर्ने ।
- दुर्घटना जोखिम बाट बच्न खेल मैदान लाई व्यवस्थित बनाउने ।
- पर्याप्त खेलकुद सामग्रीको व्यवस्थापन गर्ने ।
- दुर्घटना भएमा तत्काल प्राथमिक उपचारको व्यवस्था गर्ने तथा प्राथमिक उपचार वाट ठीक नभएमा उपचारका लागि अस्पताल पठाउने तर प्राथमिक उपचार बाहेकको खर्च स्वयम् विद्यार्थीलेनै गर्नुपर्ने ।
-अविभावकहरु सँग समन्वय गरी उपचार गर्न उत्पेरित गर्ने ।

अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि अतिरिक्त क्रियाकलाप समितिले आवश्यकता अनुसार प्राध्यापक र प्रत्येक विद्यार्थी सङ्गठनबाट ५/५जना स्वयम् सेवकको व्यवस्था गरिएको भए पनि समान रुपमा प्रतिनिधित्व भएको पाइएन ।आगामी बर्षमा हुने खेलकुद लगायतका कार्यक्रमहरुमा प्रत्येक सङ्गठन वाट २/२ जना मात्र प्रतिनिधि राख्दा उपयुक्त हुने देखिन्छ ।

- खेलकुद कार्यक्रम लाई निश्चित समय तालिकाको परिधिभित्र सम्पन्न गर्न एक फिल्ड दुई ट्र्याक अथवा एक ट्र्याक दुई फिल्डमा मात्र सहभागी गराउदा उपयुक्त हुने देखिन्छ ।

**खेलकुदका प्रतियोगिताहरु :**

| | | |
|---|---|---|
| १. | २०८०/११/०३ गते १५०० मिटर दौड | छात्र/छात्रा |
| २. | २०८०/११/३ गते १०० र २०० मिटर दौड | छात्र/छात्रा |
| ३. | २०८०/११/०३ गते ४०० र ८०० मिटर दौड | छात्र/छात्रा |
| ४. | २०८०/११/०३ गते लङजम्प,हाईजम्प,सर्टपुट | छात्र/छात्रा |
| ५. | २०८०/११/०३ गते भलिबल | छात्र |

सुन्दरहरैंचा बहुमुखी क्याम्पस सुन्दरहरैंचा नगरपालिका, मोरङ स्था. २०४८

६. २०८०/११/०४ गते भलिबल छात्र

७. २०८०/११/०५ गते भभलिबल छात्र/छात्रा

८. २०८०/११/०५ गते देखि २०८०/११/१० सम्म क्रिकेट

९. २०८०/११/०६ गते भलिबल छात्र / छात्रा

१०. २०८०/११/१२ गते देखि २०८०/११/ १७ सम्म फुटवल खेल

अतिरिक्त क्रियाकलाप अन्तर्गतको खेलकुद कार्यक्रममा १५०० मिटर छात्र तर्फ १५ जना विद्यार्थी सहभागी थिए भने छात्रा तर्फ ६ जनाको सहभागिता थियो ।

१०० मिटर दौडमा ७ जना छात्र र ९ जना छात्राहरुको सहभागिता थियो ।

२०० मिटर दौडमा ७ जना छात्र र ९ जना छात्राको सहभागिता थियो ।

४०० मिटर दौडमा ८ जना छात्र र ८ जना छात्रा सहभागी थिए ।

८०० मिटर दौडमा ५ जना छात्र र ६ जना छात्राको सहभागिता थियो ।

एथलेटिक्स तर्फ लङजम्प खेलमा १७ जना छात्र र ८ जना छात्राले भाग लिएका थिए ।

हाइजम्प तर्फ ९ जना छात्र र ६ जना छात्राले सहभागिता जनाएका थिए ।

सर्टपुट तर्फ ७ जना छात्र र ५ जना छात्रहरुको सहभागिता थियो ।

भलिबल छात्रा तर्फ कुल चार वटा टिममा २९ जना बिद्यार्थीको सहभागिता थियो भने छात्र तर्फ १२ वटा टिममा ८० जनाको सहभागिता रहेको थियो ।

क्रिकेट खेलमा १० वटा टिममा १५० जना सहभागिता थियो।

बास्केटवल तर्फ ६ वटा टिममा ५४ जना खेलाडीले भाग लिएका थिए।

फुटबल खेलमा २० वटा टिममा ३०० जनाको सहभागिता रहेको थियो। कुल ६९० विद्यार्थी सहभागिता रहेको अतिरिक्त खेलकुद कार्यक्रममा प्रथम , द्वितीय र तृतीय स्थान प्राप्त गर्ने विद्यार्थीहरुको नामावली यस प्रकार रहेको छ ।

| **१०० मिटर दौड छात्रा** | | **१०० मिटर दौड छात्र** | |
|---|---|---|---|
| रेजिना कटुवाल | प्रथम | आशिषकुमार दनुवार | प्रथम |
| रीता श्रेष्ठ | द्वितीय | प्रदीप चौधरी | द्वितीय |

सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

| | | | |
|---|---|---|---|
| पुष्पा दंगाल | तृतीय | दीवश रिजाल | तृतीय |
| **२०० मिटर दौड  छात्रा** | | **२०० मिटर दौड छात्र** | |
| रीता  श्रेष्ठ | प्रथम | यमकुमार दाहाल | प्रथम |
| पुष्पा दंगाल | द्वितीय | प्रदीप चौधरी | द्वितीय |
| एल्जिना बस्नेत | तृतीय | रुपेश श्रेष्ठ | तृतीय |
| **४०० मिटर दौड छात्रा** | | **४०० मिटर दौड छात्र** | |
| प्रतिष्ठा राई | प्रथम | सुजन कटुवाल | प्रथम |
| एलिसा  श्रेष्ठ | द्वितीय | लक्की तामाङ | द्वितीय |
| पायल चौधरी | तृतीय | मोहन गुरुङ | तृतीय |
| **८०० मिटर दौड छात्रा** | | **८०० मिटर दौड छात्र** | |
| पार्वती कुमारी दनुवार | प्रथम | सुजन तामाङ | प्रथम |
| प्रतिष्ठा राई | द्वितीय | विमल श्रेष्ठ | द्वितीय |
| लक्ष्मी रायमाझी | तृतीय | मोहन गुरुङ | तृतीय |
| **१५०० मिटर दौड छात्रा** | | **१५००मिटर दौड छात्र** | |
| पार्वती कुमारी दनुवार | प्रथम | सुजन तामाङ | प्रथम |
| लक्ष्मी रायमाझी | द्वितीय | सुजन कटुवाल | द्वितीय |
| एलिसा श्रेष्ठ | तृतीय | लक्की तामाङ | तृतीय |
| **हाईजम्प छात्रा** | | **हाईजम्प छात्र** | |
| अम्विका विष्ट | प्रथम | वसन्त काकी | प्रथम |
| -रीता श्रेष्ठ | द्वितीय | प्रकाशपुञ्ज सत्याल | द्वितीय |
| -सुमिना राई | तृतीय | -सविन विष्ट | तृतीय |
| **लङजम्प छात्रा** | | **लङजम्प छात्र** | |
| रीता श्रेष्ठ | प्रथम | आशिषकुमार दनुवार | प्रथम |
| पार्वती कुमारी दनुवार | द्वितीय | ईन्द्रप्रसाद चम्लागाइ | द्वितीय |
| अम्विका  विष्ट | तृतीय | विश्व घिमिरे | तृतीय |
| **सटपुट छात्रा** | | **सटपुट छात्र** | |
| अम्बिका विष्ट | प्रथम | आशिषकुमार दनुवार | प्रथम |
| सुमिना राई | द्वितीय | विश्व घिमिरे | द्वितीय |

| | | | |
|---|---|---|---|
| सोनिया बस्नेत | तृतीय | यामकुमार दाहाल | तृतीय |
| **भलिवल छात्रा (बी. बी. एस. टिम)** | | **भलिवल छात्रा (बी. एड. टिम)** | |
| सोनिया बस्नेत | प्रथम | सविना थापा | द्वितीय |
| पुनम बिष्ट | प्रथम | अप्सरा बिष्ट | द्वितीय |
| रीता श्रेष्ठ | प्रथम | उसन राई | द्वितीय |
| अम्विका बिष्ट | प्रथम | कविता कार्की | द्वितीय |
| पुष्पा दंगाल | प्रथम | शीला ढकाल | द्वितीय |
| गङ्गा खड्का | प्रथम | मिथुनकुमारी सुनुवार | द्वितीय |
| बिद्या लिम्बू | प्रथम | सुशीला खत्री | द्वितीय |
| | | निरुता राई | द्वितीय |
| **भलिवल छात्र (बी. एड प्रथम बर्ष)** | | **भलिवल छात्र ( बी. एड दोस्रो बर्ष)** | |
| १. विश्व घिमिरे | प्रथम | सन्देश राई | द्वितीय |
| २. निमा तामाङ | प्रथम | बाबुराम मगर | द्वितीय |
| ३. बिनोद गिरी | प्रथम | एञ्जल मगर | द्वितीय |
| ४. अनिष खनाल | प्रथम | निरन प्रसाईं | द्वितीय |
| ५. अनमोल अधिकारी | प्रथम | युगेश पराजुली | द्वितीय |
| ६. अनुप अधिकारी | प्रथम | प्रकाश सत्याल | द्वितीय |
| ७. यामकुमार दाहाल | प्रथम | एकराज पौडेल | द्वितीय |
| ८. विवेक सिवा | प्रथम | सन्जोग घिमिरे | द्वितीय |
| ९. योगेश दाहाल | प्रथम | रुपेश श्रेष्ठ | द्वितीय |
| **क्रिकेट ( बि बि ए)** | | **क्रिकेट (बि बि एस तेस्रो बर्ष)** | |
| १. रिजन पाण्डे | प्रथम | १. निमेष चापागाई | द्वितीय |
| २. राजन लामिछाने | प्रथम | २. उज्वल दाहाल | द्वितीय |
| ३. अश्विन श्रेष्ठ | प्रथम | ३. अभिषेक बस्नेत | द्वितीय |
| ४. अङ्कित सुब्बा | प्रथम | ४ .शंकर मण्डल | द्वितीय |
| ५. ईशान रुपाखेती | प्रथम | ५. राजेश राय | द्वितीय |
| ६. भूवन क्षेत्री | प्रथम | ६. आरोग्य कोईराला | द्वितीय |
| ७. प्रसन्न थापा | प्रथम | ७. विपिन ढकाल | द्वितीय |

| | | | |
|---|---|---|---|
| ८. होम पौडेल | प्रथम | ८. मनिष पाण्डे | द्वितीय |
| ९. अनम खवास | प्रथम | ९. निशान बिष्ट | द्वितीय |
| १० . रियाज भट्टराई | प्रथम | १०. निखिल पौडेल | द्वितीय |
| ११. अभय चौधरी | प्रथम | ११. अनिश राई | द्वितीय |
| १२. देवराज पौडेल | प्रथम | १२. सुमन सुन्दास | द्वितीय |
| १३. कुशल दाहाल | प्रथम | १३. प्रज्वल भट्टराई | द्वितीय |
| १४. गौरव कार्की | प्रथम | १४. सुजल क्षेत्री | द्वितीय |
| १५. रुपेश खत्री | प्रथम | १५. आयुष थापा | द्वितीय |
| **बास्केटवल (बि बि एस चौथो बर्ष)** | | **बास्केटवल (बि बि एस तेस्रो बर्ष)** | |
| १. समिन दाहाल | प्रथम | १. रोहन खत्री | द्वितीय |
| २. एल्सन बिष्ट | प्रथम | २. रिसब राउत | द्वितीय |
| ३. योगेश लिम्बू | प्रथम | ३. रुपक मगर | द्वितीय |
| ४. गौरव तामाङ | प्रथम | ४. जेशम पोखेल | द्वितीय |
| ५. जीवन भट्टराई | प्रथम | ५. गौरव कार्की | द्वितीय |
| ६. खेमराज कार्की | प्रथम | ६. मिलन पोखरेल | द्वितीय |
| ७. विवेक राजधामी | प्रथम | ७. रोशन मगर | द्वितीय |
| ८. सुदीप श्रेष्ठ | प्रथम | ८. सेमन्त खतिवडा | द्वितीय |
| ९. दिवस रिजाल | प्रथम | ९. निकेश श्रेष्ठ | द्वितीय |
| **फुटवल खेल (बी. बी. एस तेस्रो बर्ष)** | | **फुटवल खेल (बी. आई सिटी)** | |
| १ .प्रशान्त गिरी | प्रथम | १. पारस राई | द्वितीय |
| २. अभिषेक लिम्बू | प्रथम | २ .सविन खड्का | द्वितीय |
| ३. समीर गुरुङ | प्रथम | ३. समीर विक | द्वितीय |
| ४. आयुष लिम्बू | प्रथम | ४. अश्विन राई | द्वितीय |
| ५. रोशन मगर | प्रथम | ५. सनम रिजाल | द्वितीय |
| ६. विशाल लिम्बू | प्रथम | ६ नगेन्द्र चौधरी | द्वितीय |
| ७. सुमन थापा | प्रथम | ७. सुदीप कोयोङ | द्वितीय |
| ८. गौरव कार्की | प्रथम | ८. सुमन भट्टराई | द्वितीय |
| ९. प्रमेश कार्की | प्रथम | ९. दीप्सल तामाङ | द्वितीय |

| | | | |
|---|---|---|---|
| १०. आयुष कार्की | प्रथम | १०.विशाल भट्टराई | द्वितीय |
| ११. पेम्वासाङ तामाङ | प्रथम | ११. अनिष पौडेल | द्वितीय |
| १२. निकेश श्रेष्ठ | प्रथम | १२. रोहन बस्नेत | द्वितीय |
| १३. रोहन खत्री | प्रथम | १३.केशव खत्री | द्वितीय |
| १४. केनिस पोखरेल | प्रथम | १४. रोशन गुरागाई | द्वितीय |
| १५. बिक्रम गिरी | प्रथम | १५.निश्चल सिवाकोटी | द्वितीय |
| १६. नितेश काफ्ले | प्रथम | | |

सप्ताहाव्यापी खेलकुद कार्यक्रममा एथलेटिक्स तर्फका १०० मिटर , २०० मिटर, ४०० मिटर ,८०० मिटर ,१५०० मिटर ,हाईजम्प , लङ्जम्प ,सर्टपुट तर्फ प्रथम , द्वितीय र तृतीय क्रमश स्थान प्राप्त गर्ने छात्र छात्रा लाई मेडल र प्रमाण पत्र सहित पुरस्कृत गरियो। भलिवल तर्फ प्रथम स्थान प्राप्त गर्ने छात्र/ छात्रा खेलाडी टिमलाई नगद पुरस्कार रु १००००।- दस दस हजार, गरि रु २०००० बीस हजार ,प्रमाण पत्र र मेडल द्वारा पुरस्कृत गरियो । द्वितीय स्थान प्राप्त गर्ने छात्र/ छात्रा टिमलाई रु ५५०० पाचहजार पाचसय ५५०० गरि रु. ११००० एघार हजार सहित प्रमाण पत्र , मेडल प्रदान गरियो । बास्केट वल खेल तर्फ प्रथम हुनेलाई रु १००००। दसहजार मेडल र प्रमाण पत्र , द्वितीय स्थान प्राप्त गर्ने लाई रु ५५००। पाँच हजार पाचसय नगद , मेडल र प्रमाण पत्र द्वारा पुरस्कृत गरियो। फुटवल खेलमा प्रथमहुने टिमलाई रू १०००० दसहजार नगद ,प्रमाण पत्र र मेडल प्रदान गरियो भने द्वितीय हुने टिम लाई रू ५५०० पाँचहजार पाँचसय नगद ,मेडल र प्रमाण पत्र बितरण गरियो। क्रिकेट खेलमा प्रथम हुने टिम लाई रू १०००० दसहजार नगद मेडल र प्रमाण पत्र प्रदान गरियो भने द्वितीय स्थान प्राप्त गर्ने टिम लाई नगद रू ५५००। पाँच हजार पाँच सय, प्रमाणपत्र र मेडलद्वारा पुरस्कृत गरियो। बिभिन्न समयमा गरिएका अतिरिक्त क्रियाकलाप अन्तर्गतका कार्यक्रममा भएको खर्चको विवरण तपसिल अनुसार रहेको छ ।

१. फुटसल प्रतियोगिता- ३५,०००/-

२. फुटसल फाइनल- २०,०००/-

३. अन्तरकलेज फुटसल- १०,०००/-

४. सिटी स्पोर्टस ग्यालरी- ३६,३००/-

५. बि.बि.एस. हाजिरीजवाफ- ५,४४४/-

६. क्यान्टिन खाजा- २,०९०/-

७. वक्तृत्वकला प्रतियोगिता- ५,३००/-

८. क्यान्टिन खर्च- ८,७३५/-

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

९. क्रिकेटको प्रवेश शुल्क र खाजा खर्च- ५,०००/-

१०. क्रिकेट खेलमा सहभागीता- ३,०००/-

११. क्रिकेट पिच निर्माण- १८,०००/-

१२. खेलकुद सामाग्री- १५,७५०/-

१३. बि.बि.ए. फुटसल- २१,१६५/-

१४. क्यान्टिन बिल- १,८३५/-

१५. खेलकुद सप्ताह (२०८०)- २,१०,५३८/-

१६. क्यान्टिन बिल- १,४४,८६५/-

१७. खेलकुद सामाग्री- १,१६,७००/-

१८. खेलकुद सामाग्री- १९,७७५/-

१९. खेलकुद सामाग्री- ५६,३५०/-

वार्षिक अतिरिक्त क्रियाकलापमा भएको जम्मा खर्च **रु. ७,३५,८४७/-** अक्षरेपी रू सात लाख पैंतिस हजार आठसाय सढ्चालिस रूपैंया मात्र ।

यसै गरि भलिबल खेल छात्रातर्फ बेस्ट सर्भर सोनिया बस्नेत ,बेस्ट प्लेयर पुनम बिस्ट, बेस्ट लिफ्टर सविना थापालाई ट्रफी मेडल र प्रमाण पत्र द्वारा पुरस्कृत गरियो । छात्र भलिवल तर्फ बेस्ट प्लेयर विश्व घिमिरे , बेस्ट लिफ्टर अनिष खनाल, बेस्ट सर्टर यामकुमार दाहाल लाई प्रमाण पत्र ,मेडल र ट्रफी द्वारा पुरस्कृत गरियो । क्रिकेट खेल तर्फ मेन अफ द टुर्नामेन्ट को उपाधि प्राप्त गर्ने अंकित सुब्बा ,बेस्ट बलर मनिष पाण्डे र बेस्ट व्याट्समेन सुमन सुन्दासलाई ट्रफी ,मेडल र प्रमाण पत्र द्वारा पुरस्कृत गरियो । बास्केट बल खेल तर्फ मष्ट एम. भि. पी. प्लेयर समीर दाहाल , फुटबल तर्फ बेस्ट डिफेन्स अश्विन राई ,बेस्ट मिड फिल्डर प्रमेश कार्की , बेस्ट गोलकिपर पेम्वासाङ तामाङ लाई प्रमाणपत्र ट्रफी द्वारा पुरस्कृत गरियो ।

## निष्कर्ष

यो प्रतिवेदन सुकुना बहुमुखी क्याम्पसको अतिरिक्त कियाकलाप सँग सम्बन्धित छ । यस क्यामपसले वार्षिक क्यालेण्डरअनुसार अतिरिक्त कियाकलापका विभिन्न बिधामा केन्द्रित रही कार्यक्रम गर्दै आएको छ । यस वर्ष पनि समितिले विभिन्न समयमा प्रतियोगितात्मक कविता वाचन ,गजल वाचन ,नृत्य ,एथलेटिक्स, भलिवल ,वास्केटवल क्रिकेट फुटवल जस्ता कार्यक्रम सम्पन्न गरेको छ । विद्यार्थीहरुमा पठन पाठन सँग सँगै अतिरिक्त क्रियाकलापका कार्यक्रम संञ्चालन गर्दा शारीरिक मानसिक र सृजनात्मक क्षमता अभिवृद्धि हुने

कुरा नकार्न  सकिँदैन । सप्ताहव्यापी अतिरिक्त क्रियाकलापक सञ्चालनमा विद्यार्थी, सञ्चालक समिति ,क्याम्पस प्रशासन,विद्यार्थी सङ्ठन ,स्थानीय अविभावक सवैको समन्वयात्मक भूमिका रहनुले यसलाई उपलब्धिमूलक भएको समितिको बुझाइ रहेको छ । अतिरिक्त क्रियाकलाप समितिले वार्षिक रुपमा गरेका क्रियाकलाप यसै प्रतिवेदनको अनुसूचीमा राखिएको छ ।

## सुझावहरु

## नितिगत तह

क्याम्पसमा सञ्चालन हुने अतिरिक्त क्रियाकलाप लाई व्यवस्थित गर्न अतिरिक्त क्रियाकलाप समिति लाई क्यालेण्डर निर्माण गर्न लगाउने । क्यालेण्डर अनुसार योजना बनाई निश्चित समयमा कार्यक्रम सम्पन्न गर्न निर्देशन दिने । यसमा सञ्चालक समिति ,क्याम्पस प्रशासन र अतिरिक्त क्रियाकलाप समितिको समन्वयात्मक भूमिका हुनुपर्ने । विद्यार्थीहरुमा खेलकुद र सृजनशीलताको महत्व सम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालनका लागि तालिम प्राप्त खेल प्रशिक्षकको व्यवस्था गर्ने ।

## कार्यान्वयन तह

अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा नीतिगत तह वाट निर्देशित भएका कार्य योजनाको परिधिभित्र रहेर सञ्चालन गर्नु पर्ने हुन्छ । अतिरिक्त क्रियाकलाप समितिले एक फिल्ड दुई ट्र्याक अथवा एक ट्र्रयाक दुई फिल्डमा मात्र सहभागी गराउनु पर्ने । खेलकुद कार्यक्रम लाई व्यवस्थित वनाउन एक हप्ता भन्दा वढी  समय दिन नहुने । केही खेलकुद लगायत सृजनात्मक कार्यहरु क्यालेण्डरमा व्यवस्थित गरि बीच बीचमा गर्नु पर्ने ।

## आर्थिक तह

अतिरिक्त क्रियाकलाप आफैमा खर्चिलो छ । जनशक्ति  औषधी, पानी, ग्लुकोज नास्ता, खाना, एम्पायर लाई पारिश्रमिक,नगद पुरस्कार,प्रमाणपत्र , मेडल ,खेलकुद सामग्री खरिद गर्न क्याम्पसको आन्तरिक स्रोत मात्र पर्याप्त नहुने हुँदा वाह्य स्रोतको खोजी गर्न समेत सुझाव पेश गर्दछु । क्याम्पसले मिति २०८०/११/०३ देखी सञ्चालन भएको खेलकुद सप्ताहमा  कुल   रु ५,४९,९८८    पाँच लाख उनन्चास हजार नौसय अठासी रुपैयाँ  खर्च भएको थियो । आगामी बर्षमा सञ्चालन हुने  कार्यक्रममा खर्च लाई व्यवस्थित र मितव्ययी बनाउनु पर्ने सुझाब  रहेकोछ ।

प्रस्तोता

अतिरिक्त क्रियाकलाप समिति

सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैंचा मोरङ

## अनुसूचीहरू




छात्रा भलिबल खेलाडीहरू



उद्घाटन सभामा क्याम्पस प्रमुख लगाएत अतिथि ज्यूहरू





सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८



छात्र खेलाडीहरू भलिबल खेल खेल्दै



















छात्रा भलिबल खेलाडीहरू



छात्र बास्केटबल खेलाडीहरू







छात्र क्रिकेट खेलाडीहरू